माादी गाउँपालिका, कास्की

एघारौं गाउँसभामा उपाध्यक्षद्वारा

प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

## मादी गाउँपालिका

## गण्डकी प्रदेश, नेपाल

मिति २०७९/०३/०७ गते मंगलवार

# उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

**सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

१. मादी गाउँपालिकाको सभाबाट पारित वार्षिक नीति तथा कार्यक्रमलाई मूर्त रुप दिन तथा गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी भएको छु । वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई निर्वाचित गर्नुहुने आम मतदाता लगायत सम्पुर्ण पालिकावासी जनसमुदाय प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको राजनीतिक परिवर्तनको लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने आदरणीय ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, संघीय सरकार, गण्डकी प्रदेश सरकार र मादी गाउँपालिकाबाट स्वीकृत विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार बनाएको छु ।

४. यो बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न सकेमा गाउँपालिकाले लिएको समृद्ध मादी सुखी मादीबासीको दीर्घकालीन लक्ष्य हासिल हुनेमा विश्वस्त छु ।

५. आगामी आर्थिक वर्ष २०७९/०८० को व्यय अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न पालिकालाई संघ तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीको परिचालन गरी देखिने खालका पूर्वाधार निर्माण गर्ने, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

६. आगामी आर्थिक वर्ष२०७९/०८० को लागि बजेट तर्जुमा गर्दा विगत वर्ष देखि निर्माण शुरु भएका भौतिक पूर्वाधार निर्माणको कार्यलाई पूर्णता दिने गरी बजेट विनियोजन गरेको छु । संघीय सरकार समपुरक साझेदारी, प्रदेश सरकार समपुरक साझेदारी तथा अन्य साझेदारीमा संचालन हुने पूर्वाधार निर्माणका योजनामा आश्यक बजेट विनियोजनको व्यवस्था मिलाएको छु । पालिका भित्र निर्माण भएका सडक पूर्वाधारको क्रमशः स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु । कृषि उत्पादन र वजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सवैको पहुँच स्थापित गर्ने, सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पारदर्शिता र जवाफदेहिता कायम गर्दै सुशासनको अनुभूति दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरेको छु ।

७. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम, विशेष अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष ज्यू,

८. अब, म चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्मको संक्षिप्त आर्थिक प्रगति विवरण प्रस्तुत गर्दछु

- चालु आर्थिक वर्षको बजेट स्वीकृत गर्दा रु. ६२ करोड २२ लाख ४० हजार ७ सय ५२ रुपैयाँ ५७ पैसा अनुमान गरिएकोमा हालसम्म आय तर्फ ६१ करोड ०७ लाख ३५ हजार ७ सय ८१ रुपैया १४ पैसा गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।
- चालु खर्च तर्फ ३९ करोड ८९ लाख ६८ हजार ७ सय ५२ रुपैयाँ ५७ पैसा व्यय अनुमान गरिएकोमा हालसम्म रु. २५ करोड ८४ लाख ७१ हजार १ सय ४ रुपैयाँ ४५ पैसा व्यय (६१.९५ प्रतिशत) खर्च भएको छ ।
- पूँजीगत खर्च तर्फ रु. २२ करोड ३२ लाख ७२ हजार रुपैयाँ विनियोजन भएकोमा हालसम्म १० करोड २३ लाख ९२ हजार २ सय रुपैयाँ ३९ पैसा (४४.१८ प्रतिशत) खर्च भएको छ । हाल सम्मको औषत वित्तीय प्रगति ५५.६ प्रतिशत रहेको छ ।
- प्रकोप व्यवस्थापन कोषमा १ करोड १९ लाख ६१ हजार १ सय ४५ रुपैयाँ ९० पैसा आम्दानी गरिएकोमा हालसम्म १० लाख १२ हजार ३ सय ७७ रुपैयाँ खर्च भएको छ ।

सभाध्यक्ष ज्यू,

९. अब, आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका देहाय बमोजिमका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**<u>उद्देश्यहरु :</u>**

- गाउँपालिकाको आवश्यकता, उपलब्ध स्रोत साधन र जन अपेक्षा अनुरुप दिगो विकास तथा रोजगारीको अवसरमा जोड दिने ।
- पालिका केन्द्र तथा वडा केन्द्रसम्म नियमित यातायात संचालन हुने गरी विस्तार गर्ने र कृषि उपजको वजारीकरणमा सहयोग पुऱ्याउने ।
- कृषि तथा पशु पालन, घरेलु उद्योग, पर्यटन व्यवसायको माध्यमबाट रोजगारी सिर्जना गर्ने । ।
- आर्थिक, सामाजिक, साँस्कृतिक तथा मानवीय विकासमा जोड दिने ।
- पूर्वाधार विकास निर्माणलाई देखिने र अनुभूति हुने गरी कार्यान्वयन गर्ने ।
- जनताको प्रत्यक्ष संलग्लनतामा पूँजीगत निर्माणका योजना तथा कार्यक्रम संचालन गर्ने ।
- स्थानीय स्रोत साधनको अधिकतम् उपयोग गरी पूँजी निर्माण गर्ने ।
- स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी बनाउने ।
- **<u>"समृद्ध मादी सुखी मादी बासी"</u>** को अवधारणालाई सार्थकता तुल्याउने ।

प्राथमिकताहरु :

- कृषि र पशुपालनको क्षेत्रमा लगानी बृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बनाई रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- युवा स्वरोजगार कोषको स्थापना गरी रोजगार मूलक कार्यक्रममा लगानी अभिवृद्धि गर्ने ।
- पूर्वाधार विकासमा जोड दिंदै अधुरा तथा क्रमागत आयोजना सम्पन्न गर्ने ।
- महिला सशक्तीकरण तथा आय आर्जन सम्बन्धी कार्यक्रम मार्फत समाजिक रुपान्तरणमा सहयोग गर्ने ।

- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा असहायको उत्थान हुने कार्यक्रम संचालन गर्ने ।
- शिक्षा, स्वास्थ्य, खानेपानी संस्कृति प्रवर्द्धन, युवा तथा खेलकुद जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र प्रविधिमैत्री बनाउने ।
- फोहोर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने ।
- स-साना र टुक्रे योजनाको लगानी कम गरी ठुला र देखिने योजना तथा कार्यक्रममा लगानी वृद्धि गर्ने । चालु प्रकृतिको खर्च कम गरी उत्पादनमूलक, रोजगारमूलक तथा पूँजीगत योजना निर्माण वृद्धि गर्ने ।

**सभाध्यक्ष ज्यू,**

अब, म आगामी आर्थिक वर्ष २०७९/०८० को लागि श्रोत अनुमान तथा वजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको शीर्षकगत आय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- संघीय सकार वित्तीय समानीकरण रु. ९ करोड ६२ लाख
- संघीय सरकार सर्शत अनुदान रु. २९ करोड ९२ लाख
- संघीय सरकार विशेष अनुदान रु. १ करोड
- संघीय सरकार बाँडफाँड प्राप्त राजश्व रु . १० करोड ०३ लाख ५९ हजार
- बाँडफाँड भई प्राप्त हुने रोयल्टी रु. १ करोड ६ लाख ४० हजार
- प्रदेश सरकार वित्तीय समानीकरण रु . १ करोड ०४ लाख ९५ हजार
- प्रदेश सरकार राजश्व बाँडफाँड रु . ८१ लाख २२ हजार
- पि.एल.जी.एस.पि. तथा अन्य सर्शत अनुदान चालु कार्यक्रम रु. ५ लाख
- सडक वोर्ड अनुदान रु ५० लाख
- आन्तरिक, आय रोयल्टी तथा अल्या समेत रु. ९ करोड ४८ लाख ६४ हजार

१०. चालु आर्थिक वर्षको प्रस्तावित अनुमान रु. ६२ करोड २२ लाख ४० हजार ७ सय ५२ रुपैयाँ ५७ पैसा अनुमान पेश गरिएकोमा संशोधित आय अनुमान ६४ करोड ८९ लाख ६३ हजार ७ सय

५२ रुपैयाँ ५७ पैसा रहेको छ । आर्थिक वर्ष २०७९/०८० मा ६५ करोड ४८ लाख ८० हजार रुपैयाँ प्रस्ताव गरिएको छ, जुन चालु आर्थिक वर्ष को प्रस्तावित अनुमानभन्दा ५.२५ प्रतिशतले बढी हुन आउँछ ।

११. अब, म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न चाहन्छु ।

- आर्थिक विकास तर्फ रु . ५ करोड ४२ लाख ४० हजार
- सामाजिक विकास तर्फ रु . ३२ करोड ८८ लाख ६० हजार
- पूर्वाधार विकास तर्फ रु. १४ करोड २५ लाख
- वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ८५ लाख ७० हजार
- सुशासन तथा संस्थागत विकास तर्फ रु. १२ करोड ७ लाख १० हजार

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु,**

**अब, म देहाय बमोजिम क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।**

१२. आर्थिक विकास : आर्थिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. ५ करोड ४२ लाख ४० हजार प्रस्ताव गरेको छु :

- सहुलियत ऋण उपलब्ध गराउन र साना व्यवसाय रोजगार प्रवर्द्धन गर्नको लागि कोष खडा गर्ने प्रयोजनमा रु. ५० लाख विनियोजन गरेको छु ।
- अध्यक्षसंग उत्पादनमा अनुदान कार्यक्रमको लागि रु. ५० लाख विनियोजन गरेको छु ।
- कृषि क्षेत्रमा आधुनिकीकरण तथा यान्त्रीकरणको लागि कृषि औजार उपकरण तथा सामग्रीमा अनुदानको लागि रु. ३० लाख विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिन सिंचाई पूर्वाधार निर्माण गर्न ७० प्रतिशत गाउँपालिका र ३० प्रतिशत स्थानीय उपभोक्ताको लगानीमा योजना संचालन गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु । साथै अन्य साना सिंचाई योजना संचालन गर्ने रु. १२ खर्च हुने व्यवस्था मिलाएको छु ।

- पुरनस्वाँरा खोला क्ले वृहत कृषि तथा पशुपालन पूर्वाधार निर्माण परियोजनामा गण्डकी प्रदेशसँग समपूरक साझेदारी गर्ने गरी रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
- भालु/बाँदर जस्ता जंगली जनावारको आतंक न्यूनीकरण गर्न त्यस्ता जीवको व्यवस्थापनको लागी रु. १२ लाख बजेट विनियोजन गरेको छु ।
- लम्तरी धार्मिक क्षेत्र पर्यटन पूर्वाधार योजनामा गण्डकी प्रदेशसँग समपुरक साझेदारी गर्ने गरी रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
- पालिकाको उपल्लो भागको पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटको आकार्षणको केन्द्र बनाउनका स्थानीयसँगको ५०/५० प्रतिशत साझेदारीमा घोडा खरिदको लागि रु. १५ लाख विनियोजन गरेको छु ।
- शर्सत अनुदान अन्तर्गत प्राप्त रु १ करोड ०२ लाख सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु।

१३. सामाजिक विकास : सामाजिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी ३२ करोड ८८ लाख ६० हजार  प्रस्ताव गरेको छु :

- दरबन्दीमा रहेका प्रारम्भिक वालविकास केन्द्र तथा विद्यालय कर्मचारीको थप तलवको लागि रु. १ करोड ५ लाख बजेट विनियोजन गरेको छु ।
- आधारभूत तहका कक्षा ६ देखि ८ सम्म संचालन भएका विद्यालयमा ICT सामग्री खरिदको लागि बजेट विनियोजन गरेको छु।
- एक घर एक धारा खानेपानी योजना निर्माण तथा विभिन्न साना खानेपानी पूर्वाधार सुधारको लागि बजेट विनियोजन गरेको छु ।
- उपाध्यक्षसँग महिला, बालबालिका तथा अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत विभिन्न लक्षित कार्यक्रमको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन तथा अन्य कार्यक्रमको लागि थप रु. ६ लाख बजेट विनियोजन गरेको छु ।
- मेला पर्व तथा संस्कृति संरक्षण तथा प्रवर्धनको लागि बजेटको व्यवस्था मिलाएको छु।

- गाउँपालिका स्तरीय खेल ग्राम निर्माण कार्यलाई निरन्तरता  गर्न रु. २३ लाख बजेट विनियोजन गरेको छु । साथै अन्य साना खेलमैदान निर्मण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- नामार्जुङ, सैमराङ र भाचोक स्वास्थ्य चौकी भवन निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानले अपुग हुने तथा भवन निर्माणको लागि जग्गा सम्याउने समेतको कार्य गर्ने गरी रु. २५ लाख बजेट विनियोजन गरेको छु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी पूर्वाधार निर्माणमा प्राप्त हुने सशर्त र विशेष अनुदानको रु. २८ करोड ९७ लाख सोही वमोजिम खर्च हुने गरी प्रस्ताव गरेको छु ।

१४. पूर्वाधार विकास : पूर्वाधार विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १४ करोड २५ लाख प्रस्ताव गरेको छु :

- संघीय सरकार र प्रदेश सरकार समपुरक साझेदारीमा गाउँपालिका भवन स्वावास्थ्य चौकी भवन निर्माणको लागि रु. २ करोड ७६ लाख ५० हजार विनियोजन गरेको छु ।
- सवै टोल बस्तीमा यातायातको सहज पहुँच सुनिश्चितता, रणनीतिक सडकको विस्तार तथा सडक मर्मत सुधार गर्ने कार्यको लागि रु. ५ करोड ९७ लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार समपुरक साझेदारीमा याङ्जाकोट-तोगी-वार्चोक-भाचोक-सुन्दरवेंसी-नागिधार-पोशी पर्क्यु सडक स्तरोन्ती गरी गाउँपालिकाको उपल्लो भागको सडक निर्माणको लागि रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार तथा गण्डकी प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न संघ संस्था, दातृ निकायसंग समपूरक, साझेदारीमा पूर्वाधार विकास तथा मर्मत सुधारका लागि रु. २ करोड २२ लाख बजेट विनियोजन गरेको छु ।
- विद्युत लाइन विस्तार गर्ने तथा विद्युत लाइन सुधार गर्ने कार्यको लागि रु. ५ लाख बजेट व्यवस्था मिलाएको छु।
- सर्शत अनुदान तर्फ प्राप्त झोलुङ्गे पुल निर्माण, वैकल्पिक उर्जा प्रवर्धनको लागि रु. ४८ लाख बजेट सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु।

१५. सुशासन तथा संस्थागत विकास : सुशासन तथा संस्थागत विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १२ करोड ७ लाख १० हजार प्रस्ताव गरेको छ :

- गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगतबाट प्रदान हुने नियमित सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, जनमैत्री सूचना प्रविधिमैत्री बनाई कार्यसंचालनमा प्रभावकारिता ल्याउने गरी चालु खर्च तर्फ रु. १० करोड ९० लाख १० हजार र पूँजीगत तर्फ रु. १ करोड १७ लाख बजेट विनियोजन गरेको छु ।
- साविकका स्थानीय निकायमा स्थायी वा अस्थायी नियुक्ति लिई निरन्तर रुपमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित कर्मचारी कल्याण कोष खडा गरी नियमित कोषमा रकम जम्मा गर्ने गरी बजेट विनियोजन गरेको छु, ।
- सुशासन तथा परदर्शिता कायम गर्न सार्वजानिक सुनुवाई, सार्वजानिक परीक्षण, योजनाको प्रभाव असर मूल्यांकन, परामर्श सेवा, कानुन निर्माण, सूचना तथा सञ्चार जस्ता शीर्षकमा खर्च गर्न बजेट विनियोजन गरेको छु ।
- सूचना प्रविधि अधिकृत, एम.आइ.एस. अपरेटर, फिल्ड सहायक, कृषि तथा पशु प्राविधिक कर्मचारीको पारिश्रमिकमा पालिकाबाट समेत सहभागिता हुने गरी बजेट विनियोजन गरेको छु ।

१६. वन वातावरण तथा विपद् व्यवस्थापन : वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १२ करोड ७ लाख १० हजार बजेट प्रस्ताव गरेको छु :

- प्रकोप रोकथाम, नियन्त्रण तथा व्यवस्थापन र अन्य सवै प्रकारका विपद् व्यवस्थापन कार्यमा खर्च गर्ने गरी प्रकोप व्यवस्थापन कोषमा रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- मनसुनजन्य विपद् प्रभावितको आवास निर्माणमा साझेदारी गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छु ।
- विपद् व्यवस्थापन सम्वन्धी अभिमूखीकरण, भू–क्षय नियन्त्रण, नदी कटान नियन्त्रण र तटबन्ध जस्ता कार्यको लागि रु. १७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- सामुदायिक भवन तथा सर्वजनिक स्थलमा शौचालय निर्माण, सरसरफाई तथा वातावरण संरक्षण क्षेत्रमा खर्च हुने गरी रु. ९ लाख २० हजार बजेट विनियोजन गरेको छु ।

१७. चालु आर्थिक वर्ष २०७८/०७९ मा गाउँपालिका भित्र शुरु भइ सम्पन्न गर्न नसकेका स्वीकृत आयोजनालाई आगामी आर्थिक वर्ष २०७९/०८० मा क्रमागतमा राखी संचालन हुने व्यवस्था मिलाएको छु।

१८. आगामी आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय—व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावित समग्र योजना तथा कार्यक्रम र बजेट शीर्षकगत रुपमा छुट्टै विवरण पेश गरेको छु ।

१९. आगामी आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ यसै साथ प्रस्तुत गरेको छु ।

सभाध्यक्ष ज्यू,

२०. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्ष ज्यू, आदरणीय सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत राष्ट्र सेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार, आम सरोकारवाला प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजुभाइ तथा दिदीबहिनी, जनप्रतिनिधि, स्थानीय राजनितिक दल, नागरिक समाज, निर्माण व्यवसायी, उपभोक्ता समिति, राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ, सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । विगतका वर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालीन विकास योजना, क्षेत्रगत नीति, रणनीति एवम् आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, साँस्कृतिक एवं मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरुबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

# मादी गाउँपालिका, कास्कीको

## गाउँ सभामा अध्यक्षद्वारा

## प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

## मादी गाउँपालिका

## गण्डकी प्रदेश, नेपाल

## मिति २०७९/०३/०६ गते सोमबार

## मादी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम :

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

**मादी गाउँपालिकाको एघारौं गाउँसभामा हार्दिक स्वागत गर्दछु !**

१. मादी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु । संवत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा हामीलाई मतदान गरी निर्वाचित गर्नुहुने आदरणीय मादी वासी आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा भएको व्यवस्था अनुसार गठित स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यो पहिलो गाउँसभा हो ।

३. यस अवसरमा नेपालको युगान्तकारी परिवर्तन र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका विभिन्न आन्दोलनमा आफ्नो जीवन समर्पण गर्नुहुने आदरणीय ज्ञात अज्ञात वीर शहिदहरुप्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

४. समृद्ध मादी निर्माण गर्ने अभियानमा मादी गाउँपालिकाको स्थापनादेखि पालिकाको विकास निर्माण तथा हितमा कार्य गर्नुहुने पूर्व जनप्रतिनिधि ज्यूहरु तथा विकास साझेदारहरु प्रति उहाँहरुले दिनुभएको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।साथै आगामी दिनमा समेत निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु।

५. हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय महत्वका साथ-साथै उत्पादन र उत्पादकत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका हो । विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा पालिकामै रोजगारी विस्तार गरी गरिवी न्युनीकरण गर्ने, कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गर्ने तर्फ यो नीति तथा कार्यक्रम परिलक्षित छ ।

६. <u>**आन्तरिक सुशासन र सवल प्रशासन**</u>को प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन विकासबाट लाभ प्राप्त गरी सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै भू-क्षय नियन्त्रण, विपद व्यवस्थापन र वातावरणीय सन्तुलनलाई कायम राख्दै स्थानीय पूर्वाधार निर्माणमा लगानी वृद्धि गरी सडक सुधार गर्दै नियमित रुपमा यातायात संचालन गर्ने तर्फ यो नीति तथा कार्यक्रम केन्द्रित गरिएको छ ।

७. सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने, आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यको माध्यमबाट मध्यमस्तरको मानव विकासको अवस्थालाई सुधार गरी उच्च सक्षम व्यक्ति र गतिशील समाज निर्माण गर्नुका साथै <u>**"समृद्ध मादी**</u>

**सुखी मादीबासी"** भन्ने नारालाई सार्थक बनाउन राष्ट्रले लिएका दीर्घकालीन लक्ष्य अनुसार सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकसित मुलुकमा स्तरोन्नति हुने गरी चालु खर्च कटौती गरी उत्पादनमूलक र पूँजीगत खर्च वृद्धि गरी दीगो विकासका लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरणमा समृद्धि हासिल गर्ने दिशामा ध्यान केन्द्रित गरिएको छ ।

८. मादीको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय कानुन, प्रदेश कानुन र स्थानीय कानुनद्वारा प्रदत्त नागरिकका मौलिक हक अधिकारको प्रचलन र संरक्षण गर्दै कानुनद्वारा निर्देशित काम, कर्तव्य र दायित्व पुरा गर्न हामी प्रतिवद्ध छौं । विकास निर्माणलाई दिगो बनाउन साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धि हासिल नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राख्ने र साना योजनालाई निरुत्साहित गर्ने तर्फ अग्रसर हुने कुरा सबैमा स्मरण गराउन चाहन्छु ।

९. **अब, म आर्थिक वर्ष २०७८/०७९ को संक्षिप्त समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु :**

- पचास प्रतिशत अनुदानमा कृषि औजार उपकरण, प्लास्टिक टनेल, मौरी घार गोला वितरण गरिएको छ ।
- प्रथम किस्ता प्राप्त गरेका अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रमका लाभग्राहीहरुलाई दोस्रो चरणको अनुदान वितरण गरिएको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं २ मा कोसेली हाउस निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं. ३ र ८ मा कोदोमा लागेको मरुवा रोग नियन्त्रणको लागि निःशुल्क विषादी उपलब्ध गराइएको छ ।
- वडा नं. १ सिक्लेसमा भेडाबाख्रामा देखा परेको पिपिआर रोग, भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको सहयोगमा नियन्त्रण गरिएको छ ।
- वडा नं. ८, ९ र १० मा गाई भैंसीमा देखा परेको खोरेत रोगको उपचारका लागि गाउँपालिकाबाट निःशुल्क औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइएको छ ।
- पशुलाई नियमित रुपमा खुवाउनु पर्ने माटे, जुकाको औषधी खरिद गरी निःशुल्क वितरण गरिएको छ ।
- सिंचाई सुविधा नपुगेका खेतीयोग्य जमिनमा सिंचाईको लागि कृषकको माग र वडा कार्यालयको सिफारिस अनुसार सिंचाई पाईप खरिद गरी वितरण गरिएको छ ।
- पर्यटकीय क्षेत्रको प्रचार प्रसार एवं प्रवर्द्धनको लागि मादी सचित्रको दोस्रो संस्करण प्रकाशन गरी जेसिआई नेपालको राष्ट्रिय सम्मेलनमार्फत वितरण तथा प्रदर्शनी गरिएको छ ।
- वडा नं २ को ताङतिङ-कोलासोथार सम्पदा मार्ग सोलिङ तथा मर्मत र घ्याम्राङ मोटर बाटो सोलिङ तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- गाउँपालिका स्तरीय १५ शैयाको आधारभूत अस्पताल भवन निर्माणको लागि निर्माण व्यवसायीसंग ठेक्का सम्झौता भई निर्माणको चरणमा रहेको छ ।
- स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने स्वास्थ्य सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन गाउँपालिकाबाट निःशुल्क वितरण हुने अत्यावश्यक औषधी तथा स्वास्थ्य औजार उपकरण खरिद गरी स्वास्थ्य संस्थामा उपलब्ध गराइएको छ ।

- ८ प्रकारका कडा रोग लागेका १८ जना विपन्न नागरिकहरुलाई नेपाल सरकारबाट हुने उपचारमा सहयोगको लागि सम्बन्धित अस्पतालमा सिफारिस गरिएको छ ।
- कडा रोग आर्थिक आर्थिक सहायता अन्तर्गत १७ जना बिरामीलाई पालिकाबाट आर्थिक सहायता वितरण गरिएको छ ।
- शिक्षक पेशागत सहयोग प्रणालीको स्थापना गरी विषयगत विज्ञ समूह गठन गरिएको छ ।
- गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम अनुसार कक्षा ६, ७ र ८ को पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भई छपाइको चरणमा पुगेको छ ।
- मादी गाउँपालिकाको प्रथम गाउँ शिक्षा योजनाको मस्यौदा निर्माण भएको छ ।
- विद्यालयको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ ।
- वर्षातको कारण क्षति पुगेका खानेपानी योजनाको मर्मत सुधार कार्यमा सहयोग गर्नको लागि खानेपानी पाईप खरिद गरी वडाको सिफारिस बमोजिम वितरण गरिएको छ ।
- गाउँपालिका र GWT को सहकार्यमा वडा नं. ३ को स्याँगे, हरियोस्वाँरा र स्यारचोक, कुस्कुडाँडामा खानेपानी योजनाको निर्माण कार्य सम्पन्न भएको छ ।
- मादी गाउँपालिका भित्रका लोक संस्कृतिहरुको संगालो मादीका लोक संस्कृति नामक पुस्तक प्रकाशन भएको छ ।
- स्थानीय कानुनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका २७ वटा ऐन र ७० वटा नियम, कार्यविधि, निर्देशिका, मापदण्ड मध्ये चालु आर्थिक वर्षमा ४ वटा ऐन र १३ वटा कार्यविधि जारी गरिएको छ ।
- मादी गाउँपालिकाबाट निर्मित भिडियो वृत्तचित्र प्रकाशनको तयारीमा रहेको छ ।
- गाउँपालिकाको डिजिटल प्रोफायल तयार पारिएको छ ।
- करदाताबाट राजश्व संकलन गर्न एकीकृत कर संकलन प्रणालीको प्रयोग गरिएको छ । जसमा हालसम्म ७६५८ करदाता सूचीकृत भएका छन् ।
- वडा सचिव तथा वडाका कर्मचारीहरुको लागि क्षमता विकास तालिम सम्पन्न गरिएको छ ।
- चालु आर्थिक वर्षको पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. २ मा सम्पन्न गरिएको छ ।
- उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमको लागि समितिका पदाधिकारीहरुलाई (पालिका तथा १२ वटै वडा स्तरमा) योजना संचालन सम्बन्धी क्षमता विकास तालिम सम्पन्न गरिएको छ ।
- गाउँपालिका कार्यालयमा कार्यकक्ष व्यवस्थापनको लागि २ कोठे भवन निर्माण सम्पन्न भएको छ ।
- चालु आर्थिक वर्षमा थप २२ घरधुरीको घर अभिलेखीकरण भएको छ र हालसम्म ३३६३ घरको अभिलेख कायम भएको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा मादी गाउँपालिकाको दोस्रो आवधिक विकास योजना निर्माण कार्य सम्पन्नको चरणमा रहेको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरिएको छ ।

- आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक वर्षमा वडा नं. ६ र ७ को वडा कार्यालय भवन निर्माण कार्य यसै वर्ष सम्पन्न भएको छ ।
- वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको छ ।
- भगवती बहुउद्देश्यीय सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं. ४ को घाम्नुङ्गखोलामा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ, च्याँदी दोभान र चिनीखर्क झोलुङ्गेपुल निर्माणको काम अन्तिम चरणमा रहेको छ।
- सिक्लेस पर्यटन पूर्वाधार विकास आयोजनाको निर्माण कार्यको लागि ठेक्का सम्झौता भई निर्माण चरणमा रहेको छ ।
- मनसुनजन्य विपद् प्रभावित लाभग्राही घर परिवारलाई नयाँ घर निर्माणको लागि पालिकाको साझेदारी तर्फको रकम निकासा पठाइएको छ ।
- थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा ३० बेडको कोभिड आईसोलेसन कक्ष स्थापना गरी ६८ जना कोरोना संक्रमितहरुको लागि निःशुल्क उपचार, खानपान तथा बसोबासको व्यवस्था मिलाइएको छ।
- कोरोना संक्रमित व्यक्तिहरुको उपचारको लागि पोखरा स्थित आइसोलेशन सेन्टरमा पठाइएको साथै घरैमै आईसोलेसनमा बस्ने संक्रमितहरुको लागि निःशुल्क औषधी तथा स्वास्थ्य सामग्री वितरण गरिएको छ । आवश्यकता अनुसार एम्बुलेन्स सेवा निःशुल्क गरिएको छ ।
- १८ वर्ष माथिका १३ हजार ४ सय १६ जना नागरिकलाई कोभिड १९ विरुद्धको खोप लगाइएको छ ।
- गाउँपालिकाका विद्यालयमा खोपकेन्द्र स्थापना गरी १२ देखि १७ वर्ष उमेर समुहका १ हजार ३ सय ७४ विद्यार्थीहरुलाई कोभिड १९ विरुद्धको पहिलो मात्रा खोप लगाइएको छ ।

**उपाध्यक्ष ज्यू,**
**सभा सदस्य ज्यूहरु,**

१०. स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो भन्ने अनुभूत गराउन र जनताबाट प्राप्त जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्न दोस्रो आवधिक विकास योजनाले समेटेका लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यनीतिलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउने अठोट लिएको छु ।

अब, म मादी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

११. <u>**आर्थिक विकास :**</u>

- आर्थिक विकास क्षेत्रसंग सम्बन्धित रहेका दिगो विकासका लक्ष्य हासिल गर्न विभिन्न आर्थिक क्रियाकलाप संचालनमा जोड दिइने छ ।सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्न गरिब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्यरूपमा समेट्ने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

- वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिलाई पुनः विदेश जान नपर्ने गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने प्रकृतिका कार्यक्रमहरु संचालन गरिने छ । खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सवैका लागि उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्न उत्पादनमा अनुदान, सहुलियत दरमा ऋण जस्ता कार्यक्रम कार्यान्वयनमा जोड दिइने छ ।
- महिला तथा अल्पसंख्यकको हितको लागि लैंगिक उत्तरदायी बजेट तर्जुमा गरी गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमबाट सिर्जना हुने रोजगारी तथा आय आर्जन सम्बन्धी कार्यक्रममा महिला पुरुषलाई समान अवसर प्रदान गरिने छ ।

## १२. कृषि विकास तथा पशु सेवा

- कृषि क्षेत्रलाई सबल बनाउन युवा जनशक्तिको भरपूर उपयोगमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन बढाउन उत्पादनमा आधारित अनुदान जस्ता जनमुखी प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने छ ।
- कृषि क्षेत्रको आधुनिकीकरण यान्त्रीकरण, विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिंदै कृषि पेशालाई मर्यादित, व्यावसायिक बनाउन आधुनिक कृषि औजार उपकरण लगायतका कृषि सामग्रीमा अनुदान दिने व्यवस्था मिलाइने छ ।
- कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत कृषक दर्ता व्यवस्थापन, कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक संकलन गरी नियमित रुपमा अध्यावधिक गरिने छ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि कृषक सचेतनामूलक तालिम संचालन, फलफूल तथा तरकारीको विउ विरुवा वितरण जस्ता कार्यक्रम संचालन गरिने छ।
- पशुमा लाग्ने आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण गर्न निःशुल्क औषधी वितरण, पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बाली वस्तु तथा बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै अलैंची तथा गाई/भैंसीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।
- अलैचीको उत्पादन वृद्धि गर्न सम्भावित क्षेत्रमा सामुहिक अलैंची खेती गर्न प्रोत्साहन गरिने छ संघीय सरकारसँगको साझेदारीमा अलैंची बाली पकेट विकास कार्यक्रम संचालन गरिने छ ।
- प्रदेश सरकारसँगको साझेदारीमा माटो परीक्षण शिविर संचालन गरी **माटोको प्रोफायल** तयार गर्ने तथा माटो सुहाउँदो खेती बाली लगाउन प्रोत्साहन गरिने छ ।
- कृषक, कृषि समुह, सहकारीको सहकार्यमा **एक गाउँ एक उत्पादन** कार्यक्रम संचालन गरिने छ ।
- कृषि तथा पशुपालनमा हुन सक्ने क्षतिको जोखिम न्यूनीकरण गर्न कृषि तथा पशु बीमा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिने छ ।

- **कृषि उपज संकलन केन्द्र** स्थापना गरी कृषि उत्पादनको बजारीकरणका लागि प्रदेश सरकारसँगको साझेदारीमा आवश्यक कार्यक्रम अगाडि वढाइने छ ।
- कृषकबाट उत्पादन भएको कृषि उत्पादनलाई बजारीकरण गर्न **कृषि एम्बुलेन्स** संचालन गरी कृषि उपजको बजारीकरण गरिने छ ।
- कृषि तथा शुपालन क्षेत्रलाई उच्च प्राथमिकता दिंदै **कृषकसँग कृषि प्राविधक कार्यक्रम** संचालन गरिने छ ।

## १३. घरेलु तथा साना उद्योग

- स्थानीय स्रोत, साधन, सीप एवम् प्रविधिको प्रयोगलाई बढावा दिई व्यावसायिक उत्पादन तर्फ अग्रसर गराउन राडी पाखी, कम्बल, भाङ्ग्रा, सुइटर, झोला बनाउने तानहरुलाई आधुनिकीकरण गरी व्यावसायिक उत्पादन तर्फ अग्रसर गराउन साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- घरेलु तथा अन्य सहयोगी संस्थासँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरिने छ ।
- स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिबुटीमा आधारित उद्योगहरु स्थापना गर्न लगानीकर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।
- प्रदेश सरकारसँगको सहकार्यमा थप कार्यक्रमबाट सिपमुलक स्वरोजगार र व्यावसायिक तालिम प्रदानमा जोड दिइने छ ।
- दलित समुदायले संचालन गर्दै आएका परम्परागत पेशा व्यवसायलाई संरक्षण, सम्वर्द्धन र आधुनिकीकरण गर्न अनुदानमा आधारित कार्यक्रमहरु संचालन गरिने छ ।
- "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालनमा गाउँपालिकाबाट समेत लागत साझेदारी गरी कार्यक्रमको दायरा विस्तार गरिने छ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रतिस्पर्धामा छनौट भएका व्यवसाय, विकास सेवा प्रदायक संस्थाहरु मार्फत नयाँ उद्यमी सृजना, उद्यमीको सीप स्तरोन्नति, सम्भाव्य उत्पादनको उपादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि समूहमा प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- लघु तथा घरेलु उद्योग स्थापनाका लागि उद्यमीहरुलाई सरल ढंगबाट सहुलियत दरमा ऋण उपलव्ध गराउन पालिका मातहतमा युवा स्वरोजगार कोष कार्यक्रम तथा निजी स्तरमा वित्तीय संस्था तथा सहकारी संस्थासँग समन्वय गरिने छ ।
- निजी क्षेत्रसँगको समन्वयमा स्थानीय स्तरमा उत्पादित औद्योगिक वस्तुहरुको प्रवर्द्धनका लागि औद्योगिक मेला, प्रदर्शनी तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम संचालन गरिने छ ।
- घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र ठूला उद्योग स्थापनाको लागि पालिकास्तरमा औद्योगिक ग्राम निर्धारण गरिने छ ।

## १४. पर्यटन तथा संस्कृति

- मादी गाउँपालिकाको पर्यटन गुरुयोजना अनुरुप पर्यटन विकास सम्बन्धी विभिन्न गतिविधिहरु संचालन गरिने छ ।
- गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका गन्तव्यहरुको पहिचान हुनेगरी पर्यटन पुस्तक प्रकाशन गरिने छ। साथै प्रचार प्रसार गर्न डकुमेन्ट्री तथा वृतचित्रलाई विभिन्न संचार माध्यमबाट प्रसारण गरिने छ ।
- संघ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा पर्यटकीय गन्तव्यहरुमा रज्जु मार्ग (केबुलकार), पदमार्ग, लिफ्टिङ खानेपानी, क्याम्पसाइड, सोलार बत्ती, मोबाइल टावरजस्ता पूर्वाधारहरु निर्माण गर्दै लैजाने व्यवस्था मिलाइने छ।
- पर्यटकीय गन्तव्यहरुमा संचालन भएका होटल, लज, चियापसल, लगायतका व्यवसाय लाई नियमन गरी व्यवस्थित गरिने छ ।
- सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाभित्र संचालनमा रहेका होमस्टेलाई स्थानीय उत्पादनको प्रर्वद्धन गरी पाहुनाको स्वागत सत्कार गर्ने संस्कृतिको विकास गर्न प्रोत्साहित गरिने छ । साथै गाउँपालिकाभित्र ठूला होटल तथा रेष्टुरेण्ट संचालन गर्न निजी क्षेत्रको लगानी भित्र्याउन पहल गरिने छ ।
- कोभिडबाट शिथिल बनेको पर्यटन क्षेत्रलाई तन्दुरुस्त पार्न यस क्षेत्रमा युवा वर्गको सहभागिता बढाई नयाँ पर्यटकीय गन्तव्यहरुको प्रर्वद्धन गरिने छ ।
- गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्व बोकेको क्होलासोँथार क्षेत्रको वृहत्तर विकास गर्न सो स्थानसम्म पुग्न बाँकी सडक तथा पदमार्ग निर्माण गर्ने तथा उक्त क्षेत्रको प्रचार प्रसार गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।
- सिक्लेस, कोरी, ठुल्लेक, थुर्चु, दूधपोखरी, नामुन भञ्याङ हुँदै मनाङको तिमाङसम्म करीब दश दिनको यात्रामा पुग्न सकिने महत्वपूर्ण पर्यटकीय पदमार्ग (टोनी हेगन पदमार्ग) लाई विश्व चर्चित राउण्ड अन्नपूर्ण ट्रेकिङ रुटको वैकल्पिक पदमार्गको रुपमा विकास गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा टोनी हेगन फाउण्डेशनको सहकार्यमा योजना संचालन गरिने छ ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत सिक्लेस सांस्कृतिक ग्राम पर्यटन पूर्वाधार निर्माण योजनामा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- थाकहिल, सैनीडाँडा, ताराहिलटप, तिहींडाँडा, क्रपुडाँडा, कोरी, विरालोडाँडा, तथा अख्ल्याङ डाँडा, थुमाकोडाँडा, तातोपानी, नाग ढुङ्गा, सोझो कुना, घाटखोला गुफा, रानी ओढार गुफा, महभिर, कालीगुफा, काली गुफा, शंख ढुङ्गा, ठुल्लेक, भाले चुचुरो, याङ्जाकोट दरवार, लिप्यानी डाँडा, लम्तरीडाँडा, थल्जुडाँडा, माथिल्लो रुन्चे, डुन्डुरो महभिर, कपुचे हिउँताल, सवु पोखरी, पुनोगाउँ सिद्धथान, बैदींच्हो, मणिडाँडा, दश बुद्धिडाँडा, क्रलु, गिउँजे ताल, दुधपोखरी, भगवती मन्दिर, गुरुदेव

मन्दिर, ॐ कारेश्वर मन्दिर, कोट देवी मन्दिर, लगायतका मठ, मन्दिर तथा गुम्वा, कोईवु, ठुलोढुङ्गाजस्ता धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण तथा संवर्द्धन गर्न पहल गरिने छ ।

- स्थानीय मौलिक संस्कृति अन्तर्गत, घाटु नाच, सोरठी नाच, बालन नाच, छ्याडु नाच, कृष्ण चरित्र, भजन, चुड्का, ठाडोभाका, पञ्चेवाजा लगायतका भाषा, संस्कृति र भेषभूषालाई उचित संरक्षण एंव सम्वर्द्धन गर्न पहल गरिने छ ।

## १५. सहकारी विकास :

- गाउपालिका भित्र रहेका सहकारी को अध्ययन अवलोकन गरी अवस्था को चित्रण गरिने छ भने सो को प्रभावकारी अभिलेख तयार गरिने छ ।
- सहकारी शिक्षामा जोड दिई सहकारी दर्ता तथा नवीकरण गर्ने प्रकृयालाई सरल र सहज बनाइने छ ।
- सहकारी संस्थालाई मर्यादित, व्यवस्थित र विश्वनीय बनाउन नियमित अनुगमन कार्यलाई जोड दिने छ ।
- सहकारीको माध्यमबाट महिलाहरुको क्षमता विकास सशक्तीकरण र आय आर्जनसँग सम्बन्धित कार्यक्रम संचालन गरिने छ।
- सहकारी मार्फत कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ।
- सहकारीलाई पूँजी निर्माणको महत्वपूर्ण माध्यमको रुपमा स्थापित गरी घरेलु तथा साना उद्योग स्थापना र विकासमा जोड दिइने छ ।
- सहकारीलाई आय आर्जनको एक महत्वपूर्ण माध्यमको रुपमा विकास गरी सहकारीप्रति नागरिक उत्प्रेरणा अभिवृद्धि गर्न सहकारी प्रशिक्षणमा दिइने छ ।
- युवा स्वरोजगार कोषसँगको सहकार्यमा गाउँपालिका भित्रका युवा उद्यमीहरुलाई सहकारी मार्फत सहुलियत ऋण प्रदान गर्ने नीति लिइने छ ।

## १६. सामाजिक विकास

सामाजिक विकाससँग सम्बन्धित दिगो विकास लक्ष्यका अवधारणालाई आत्मसात गरी लैंगिक समानता कायम गर्न महिलालाई सशक्त बनाउन आय आर्जन, क्षमता विकासका कार्यक्रम तथा किशोरी र बालिका केन्द्रित जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

## १७. शिक्षा :

- गाउँपालिका भित्र संचालित शैक्षिक संस्थाको भौतिक संरचना तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
- बजारको माग र आवश्यकताका आधारमा गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि गरी थप प्रभावकारी बनाइने छ ।

- पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई आत्मनिर्भरताको निम्ति सिपमूलक, उत्पादनमूलक, प्रविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न  विद्यालयहरुलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
- गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुको सहभागितामा **विषयगत शिक्षक समूह** निर्माण गरिनेछ उक्त समूह मार्फत विषयगत तालिम, शैक्षिक सामग्री तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।
- माध्यमिक तथा आधारभूत तहको शिक्षालाई गुणस्तरीय एंव प्रभावकारी बनाउन **विद्यालयमा असल सुशासन**को वातावरण निर्माण गरिने छ ।
- मादी गाउँपालिकाको आवश्यकताको बोध हुनेगरी कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण भैसकेको अवस्थामा पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण र छपाई सम्पन्न पश्चयात सम्पूर्ण विद्यार्थीलाई वितरण गरी शैक्षिक सत्र २०७९ देखि स्थानीय पाठ्यक्रम पूर्ण रुपमा लागू गरिने छ ।
- गाउँपालिका भित्र न्यून् विद्यार्थी सख्या रहेका सामुदायिक विद्यालय समायोजन तथा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलाउन आवश्यक मापदण्ड बनाई क्रमशः व्यवस्थित बनाइने छ ।
- नेपाल सरकारको सबै स्थानीय तहमा **कम्तिमा एक प्राविधिक शिक्षालय** रहने नीति अनुसार मादी गाउँपालिकामा प्राविधिक शिक्षालय स्थापना गर्नको निम्ति संघीय तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिने छ ।
- पालिकाका सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेको पहुँचको सुनिश्चिता गरी क्रमश प्रविधिको पहुँच पुर्याईने छ ।
- वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्टता हासिल गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा विद्यालयलाई गाउँपालिकाबाट पुरस्कृत तथा सम्मानित गर्ने व्यावस्था मिलाइने छ ।
- बालबालिकालाई विद्यालय शिक्षाबाट बञ्चित हुन नदिन,विद्यालयमा टिकाइ राख्न र  शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि दिवा खाजा कार्यक्रम कक्षा १-६ सम्म सञ्चालनमा ल्याइनेछ ।
- आधारभूत तह उत्तीर्ण परीक्षा तथा अन्य कक्षाहरुको परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नमा जोड दिइनेछ ।
- सम्पूर्ण विद्यालयमा क्रमशः पुस्तकालय,विज्ञान र कम्प्युटर प्रयोगशालाको निर्माण कार्यलाई निरन्तरता दिंदै यिनीहरुको प्रयोगमा जोड दिइनेछ ।

- विद्यार्थीको क्षमता पहिचान र प्रतिभा प्रस्फुटनका लागि विभिन्न अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक गुणस्तरलाई उकास्नका लागि शैक्षिक रुपमा उत्कृष्ट विद्यालयलाई नमुना विद्यालय घोषणा गर्नुका साथै प्राविधिक विद्यालय स्थापना गरी व्यवसायिक शिक्षामा विशेष जोड दिइनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका निमित्त शिक्षा शाखा मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षणमा विशेष जोड दिइनेछ ।
- सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित गराउन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउन उपाध्यक्षसँग छात्रा लक्षित कार्यक्रम अन्तर्गत गुणस्तरीय सेनिटरी प्याड निशुल्क रुपमा वितरण गरिनेछ ।
- गाउँपालिका तथा स्थानीय वडाका जनप्रतिनिधिहरुले विद्यालयको शैक्षिक तथा भौतिक पक्षको नियमन अनुगमन गरी सुधारका लागि पहल गरिने छ ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्दै शिक्षालयहलाई दण्डरहित शिक्षण सिकाई गर्ने थलोको रुपमा विकास गरिने छ ।
- सामुदायिक विद्यालयहरुको स्तरोन्ति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयको रुपमा विकास गर्दै लगिने छ ।
- विद्यालय व्यावस्थापन समितिलाई विद्यालय र समुदाय बिच जीवन्त सम्बन्ध राख्दै विद्यालयको शैक्षिक गुणस्तर सुधार्न जिम्मेवार र जवाफदेही बनाइने छ ।
- विद्यालयको योजना तर्जुमा तथा शैक्षिक क्रियाकलापमा समुदायलाई सहभागी गराईने छ ।
- शिक्षकको मनोवल उच्च राख्न शिक्षण पेसालाई सम्मानित र मर्यादित पेसाको रुपमा विकास गरिनुका साथै शिक्षकलाई पेसाप्रति थप जिम्मेवार तथा जवाफदेही बनाइने छ ।
- गाउँपालिका क्षेत्र भित्र निरन्तर शिक्षा कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।
- विद्यालयमा हुने गतिविधिको वास्तविक जानकारी लिई देखिएका समस्याहरु छिटो समाधान गर्न संयुक्त अनुगमन गर्ने पद्धतिलाई बढावा दिईने छ ।
- गाउँपालिकाभित्र संचालनमा रहेका सामुदायिक सिकाई केन्द्र र पुस्तकालयहरुलाई व्यवस्थित बनाइदै लगिनेछ ।

१८. **स्वास्थ्य :**

- नागरिकलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य बीमामार्फत विशेषज्ञ सेवाको सुलभ पहुँच सुनिश्चित गरिनेछ, थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा बि-फार्मेसी सुरुवात गरिनेछ ।

- स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) को अवधारणाअनुरूप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवालाई एकीकृत रूपमा विकास तथा विस्तार गरिनेछ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ।
- पालिकाका सबै स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिमका निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ । अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिने छ ।
- १५ शैयाको प्राथमिक अस्पतालको सेवा सञ्चालनको सुरुवात अत्याधुनिका औजार उपकरण सहितको स्वास्थ्य सेवा सहितको सेवा सलन सुरुवात गरिने छ । यसकालागि आवश्यक स्वास्थ्यकर्मी ,तथा स्थापनाको लागि आवश्यक रकम बिनियोजन गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई थप प्रोत्साहन गर्न गाउँपलिकाको तर्फबाट अर्धवार्षिक समीक्षा तथा आवश्यक प्रोत्साहनका लागि खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- मापदण्ड अनुसारका भवन नभएका स्वास्थ्य चौकीहरुको नयाँ भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- पुराना स्वास्थ्य संस्थाका भवनको मर्मत सम्भार तथा रङरोगन कार्य गरिने छ ।
- भौगोलिक दूरीका कारण स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरुमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाईहरुलाई निरन्तरता दिईने छ ।साथै आवश्यकता अनुसार खोप केन्द्र निर्माण गर्दै लगिने छ ।
- मादी गाउँपालिकाका स्वास्थ्य संस्थाहरुवाट निःशुल्क गर्भपतन सेवा विस्तार गरिने छ ।
- सबै स्वास्थ्य संस्थाहरुलाई सूचना मैत्री वनाउन ईन्टरनेट सहितका कम्प्युटर प्रिन्टरहरुको ब्यवस्था गरिने छ ।
- स्वास्थ्यकर्मीहरुको उच्च मनोवल बनाई राख्न क्षमता अभिवद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भूगोल र स्थानीय संरचना अनुरूप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ । सरुवा रोग, किटजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रणलगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिने छ ।

- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरी निःशुल्क स्क्रिनिङ स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।
- विषेशज्ञ सहितको स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ ।
- महिला हरुको पाठेघरको मुखको क्यानसरको निशुल्क परीक्षणको लागि स्वास्थ्य संस्थाहरुबाट निःशुल्क परीक्षणको व्यवस्था गरिने छ । साथै सेवा संचालन हुन नसकेका स्वास्थ्य संस्थाहरुमा निःशुल्क शिविर मार्फत परिक्षण सेवा सुनिश्चित गरिने छ ।
- कडा रोगेका विपन्न नगरिक हरुको लागि गाउँपालिकाको तर्फबाट आर्थिक सहायता उपलब्ध गराईने छ ।
- मादी गाउँपालिकाका स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु (Birthing Center) हरुमा सुत्केरी हुन नसकी पोखराका स्वास्थ्य संस्थामा प्रेसण गर्नुपरेमा स्वास्थ्यकर्मी र वडा कार्यालयबाट सिफारिस भएका ब्यक्तिहरुको लागि निःशुल्क एकतर्फी एम्बुलेन्स सेवा निःशुल्क गराइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने आमा तथा बच्चाहरुको लागि प्रोत्साहन स्वरुप पोषण सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा आवश्यक औजार उपकरण, फर्निचर फिक्चर तथा औषधीका लागि आवश्यक रकम बिनियोजन गरिने छ ।
- संघ सरकारवाट स्वास्थ्य सेवा तर्फ सञ्चालन हुनुपर्ने सशर्त तर्फका कार्यक्रम हरुलाई समयमै सञ्चालनको ब्यवस्था गरी स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
- अति विपन्न व्यक्तिको स्वास्थ्य विमाको कुल रकमको ५० प्रतिशत गाउँपालिकाबाट बेहोर्ने व्यवस्था गरिनेछ ।

१९. **महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक :**

- उपाध्यक्षसंग महिला कार्यक्रम अन्तर्गत १२ वटै वडाका महिलाहरुलाई आर्थिक विकासका लागि सीपमूलक तालिम तथा आयआर्जन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति, आदिको तथ्यांक संकलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिइने छ ।

- न्यायिक समिति तथा वडास्तरीय मेलमिलाप समिति मार्फत महिला हिंसाका मुद्दालाई प्राथमिकतामा राखी छिटो न्याय दिने विषयलाई प्राथमिकता दिइने छ । साथै महिला सशक्तीकरणमा जोड दिई बालविवाह तथा दाईजो प्रथा लगायतका सामाजिक विकृति र विसंगतिलाई निरुत्साहित गरी महिला हिंसा शून्य गाउँपालिका बनाउन पहल गरिनेछ ।
- न्यायिक समितिलाई प्राप्त अधिकार र न्यायिक समितिबाट सम्पादन गरिने विवाद समाधान सम्बन्धी विषयको जानकारी बस्ती स्तरसम्म पुऱ्याउने कार्यलाई व्यवस्थित गरिनेछ ।
- आपतकालीन बाल तथा महिला संरक्षण कार्यको लागि बजेट व्यवस्था गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तिमा सहज पहुँचका लागि गाउँपालिकाभित्र निर्माण गरिने सरकारी कार्यालयलाई क्रमशः अपाङ्गमैत्री बनाउँदै लैजाने व्यवस्था मिलाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, २०७५ अनुसार अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र नियमित रुपमा वितरण गरिनेछ ।
- हिँडडुल तथा खानपानमा अरुको सहारा लिनुपर्ने पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी निजहरुको स्याहार-सुसारमा खटिने सहयोगीलाई अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- जनजाति, दलित, द्वन्द्व पीडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडि परेको वर्ग तथा समुदायको हितको लागि गाउँपालिका तथा वडा मार्फत संचालन गरिने लक्षित कार्यक्रमलाई सीपमूलक र रोजगारी मूलक बनाउन जोड दिइने छ ।
- मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम संचालन गर्दै लगिने छ ।

२०. **<u>खानेपानी तथा सरसफाई :</u>**

- दिगो विकास लक्ष्य अन्तर्गत सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न पालिकाबासीलाई स्वच्छ र सफा खानेपानी आपूर्ति गराउन संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैह्रसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा **<u>एक घर एक धारा</u>** कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- खानेपानी योजनाको मर्मत संभारको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ । खानेपानीका समस्या भएका स्थानहरुको समस्या समाधानको लागि खानेपानीको पाइप वितरण कार्यलाई निरन्तरता दिइने छ ।साथै अनुगमन पश्चात मात्र पाईप वितरण गरिनेछ ।
- घरभित्रको फोहोर मैला व्यवस्थापन तथा टोल बस्ती सरसफाई कार्यक्रम संचालन गर्न टोल विकास समितिलाई परिचालन गरिने छ।

- गाउँपालिका भित्रका विद्युतीय लिफ्टिङ्ग खानेपानीको विद्युतको विल भुक्तानीको लागि अनुदान दिने व्यवस्था मिलाइने छ ।

## २१. युवा तथा खेलकुद, कला र साहित्य :

- राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्ने गरी खेलाडीको क्षमता विकास गरिने छ ।
- गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यार्थीहरुविच अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गरी सिकाईप्रति मनोवृति बढाउन विभिन्न अतिरिक्त क्रियाकलाप आयोजना गर्ने व्यवस्था मिलाइने छ ।
- खेलकुद पूर्वधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यमा समुदायका सरोकारवलाको सहभागिता सुनिश्चिता गरिने छ ।
- किशोरकिशोरीहरुलाई कुलत, लागु पदार्थ ओसारपसार, दुर्वयसनी तथा एचआईभी एड्स जस्ता जोखिमहरुबाट टाढा राख्न जनचेतनामूलक प्रचार प्रचार कार्यक्रम संचालन गरिने छ । कुलतमा फसिसकेकाको लागि समाजमा पुनःस्थापना गर्न सम्वद्ध संस्थाहरु सँग लागत सहभागिता गरी उपयुक्त कार्यक्रममा सहकार्य गरिने छ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि आवश्यक न्यूनतम ज्ञान सीप र व्यावहारको तालिम प्रदान गर्नका लागि पालिकाले गैरसरकारी संघ संस्थाहरु सँग सहकार्य गर्दै कार्यक्रमहरु संचालन गर्ने ।
- संघ र प्रदेश सरकारसंगको साझेदारीमा गाउँपालिकास्तरीय रङ्गशाला निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- मादी जन्मभूमि पुरस्कारको ट्रफी डिजाइन गरी हरेक वर्ष विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका प्रतिभा एवम् सर्जक तथा स्रष्टालाई पुरस्कृत एवम् सम्मानित गरिने छ ।
- बेरोजगार युवालाई स्वरोजगार बनाउन आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । साथै वैदेशिक रोजगारीबाट फर्केर स्वदेशमा नै केही गर्न चाहने युवा वर्गलाई प्रोत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- संघ र प्रदेश सरकार तथा जिल्ला स्थित अन्य स्थानीय तहसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारमा जान चाहने व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मनोसामाजिक परामर्श सेवा, सीप विकास र विप्रेषणको आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- महामारीको चपेटामा परी रोजगारी गुमाएका तथा विदेशवाट फर्केका युवालाई अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत गरी गाउँपालिका भित्र संचालन हुने विकास आयोजना तथा कार्यक्रममा रोजगारी उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- खेलकुद, नवप्रवर्तन र उद्यमशीलताको विकास मार्फत युवाहरुलाई रचनात्मक कार्यहरुमा परिचालन गरिनेछ।
- हाई अल्टिच्युटमा रंगशाला निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- पालिकामा अन्तर पालिका तथा वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

२२. **<u>सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह</u>** :

- पालिका तथा अन्तर्गतका कार्यालयबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी बनाउनको लागि आवश्यक संरचनागत तथा संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउँदै नागरिक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला, दलित बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुले नियमित रुपमा प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता वित्तीय संस्थासँगको सहकार्यमा वडा-वडामा गई त्रैमासिक रुपमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई विद्युतीय माध्यमद्वारा संचालन गरिने छ । सो को लागि आवश्यक पर्ने सफ्टवेयर खरिद तथा संचालनको व्यवस्था मिलाइने छ ।
- गाउँपालिका, तथा अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहका सम्बन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरी जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व बहन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको आवधिक योजना र बजेट वीच तादम्यता मिलाई मध्यमकालीन खर्च संरचना तयार गरिनेछ ।
- पालिकाभित्र संचालित विकास योजना, कार्यक्रमहरुको प्रभावकारिता एवं गुणस्तरीयताको लागि अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवस्थित गर्न अनुगमन मुल्यांकनको प्रगतिको बारेमा मासिक रुपमा कार्यपालिका बैठकमा समिक्षा गरिने व्यवस्था मिलाइने छ ।
- कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानुन निर्माणको अधिकार क्षेत्रभित्र रही संघीय र प्रदेश कानुनसंगको तादम्यता मिलाई आवश्यक नीति, कानुन तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- खरिद कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वार्षिक खरिद योजना तयार पारी लागु गरिनेछ ।

- योजना तथा कार्यक्रम संचालन गर्दा प्रतिस्पर्धा मार्फत  गरिने व्यवस्थालाई जोड दिइने छ  ।
- आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजश्वका दायरा विस्तार, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र संघ सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाइनेछ ।
- बजार अनुगमन निर्देशिका बमोजिम पालिका भित्रका व्यापार व्यवसाय दर्ता, नवीकरण र मूल्य सूची कायम गर्ने प्रणाली स्थापित गर्दै सवै प्रकारका व्यापार व्यवसायलाई करको दायरामा ल्याइनेछ ।
- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा बेरुजुलाई निरुत्साहित गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समिति मार्फत संकलित आम्दानीको १० प्रतिशतले हुन आउने रकम पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने व्यवस्था मिलाउने छ ।
- गाउँपालिकाभित्र संचालनमा रहेका सरकारी एवं गैर सरकारी संघ संस्थाहरुलाई गै.स.स. परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम नियमन गर्ने व्यवस्था गरिनेछ ।
- प्राकृतिक स्रोत साधन (जडिवुटी, वनस्पति र जिवजन्तुको) अध्ययन अनुसन्धान र पहिचानका लागि आवश्यक कार्यक्रम तय गरिनेछ ।
- मादी गाउँपालिका भित्र निर्माण भएका तथा निर्माणाधीन जलविद्युत् आयोजनाहरुले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्न र नियमानुसार पालिकालाई बुझाउनु पर्ने स्थानीय कर तोकिएको समय भित्रै बुझाउन तथा स्थानीयको लागि तोकिएको शेयर जारी गर्दा समग्र मादी गाउँपालिकालाई प्रभावित क्षेत्र मानी जारी गर्ने तथा पालिकामा कार्यरत कर्मचारीलाई स्थानीय सरह शेयरमा लगानी गर्न पाउने व्यवस्था सुनिश्चित गर्न पहल गरिने छ ।
- गाउँपालिकाको मोवाईल एप निर्माण गरी गाउँपालिकाले प्रदान गर्ने सेवाको बारेमा नागरिकलाई जानकारी गराउँदै पारदर्शिता प्रबर्द्धन गरिनेछ ।
- नागरिक वडापत्रलाई व्यवस्थित गरी मोवाईल एपमा लिंक गर्ने व्यवस्था मिलाइनेछ । पालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइने छ ।
- हरेक विषयगत शाखा र वडा कार्यालयको कार्य प्रगति विवरण हरेक कार्यपालिका बैठकमा पेश गरी समीक्षा गरिने छ ।
- जनतासँग प्रत्यक्ष सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा वृद्धि, गरी कार्य सम्पादनलाई प्रभावकारी बनाइने छ ।
- मादी गाउँपालिका भित्रका गरिव, बेरोजगार जोखिममा रहेका, वैदेशिक रोजगारीबाट फर्केका, अभिभावक विहीन, अनाथ बालबालिका, फरक क्षमता भएका व्यक्ति, एकल महिला तथा पुरुष, जेष्ठ नागरिक लगायतका व्यक्तिहरुको तथ्यांक संकलन गरी विद्युतीय अभिलेख तयार गरिनेछ।

- बस्ती स्तरबाट संकलित योजनाहरुको स्थानीय सरकार सञ्चालन ऐनले तोकेको प्राथमिकता क्षेत्रको आधारमा वर्गीकरण गरी प्राथमिकता निर्धारण गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरिनेछ।
- मानवअधिकार संग सम्बन्धित सरोकारवाला, संघ संस्था संग समन्वय र सहकार्य गरी मानवअधिकार मैत्री कार्यक्रम संचालन गरिने छ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।
- प्रत्येक वर्ष उपभोक्ता समिति र टोल विकास संस्था मध्येबाट उत्कृष्ट छनौट गरी सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

## २३. पूर्वाधार विकास :

- गाउँपालिका भित्र निर्माण हुने सबै संरचनाहरुलाई भवन निर्माण मापदण्ड अनुसार निर्माण गर्न घर नक्सा शाखा तथा वडा कार्यालयमा मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । तोकिएको मापदण्ड अनुसार काम भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिने छ ।
- संघ र प्रदेश सरकारबाट संचालित सडक, सडक पुल, सिंचाई आयोजना, भवनलाई तोकिएको समयभित्र नै सम्पन्न गर्नको लागि आवश्यक समन्वय र सहजीकरण गरिने छ ।
- संघीय सरकार, प्रदेश सरकार तथा दातृ संस्थामार्फत संचालन हुने योजना तथा कार्यक्रममा कानुन बमोजिम लागत साझेदारी गरिने छ ।
- वडाभित्रका सानातिना भौतिक पूर्वाधार निर्माणका कार्यहरु वडास्तरबाट नै संचालन गरिने छ । गाउँपालिकाभित्र रहेका ग्रामीण सडक मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- मादी गाउँपालिकाबाट खुला बोलपत्र प्रकृयामार्फत संचालन हुने योजनको बोलपत्र सूचना प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र प्रकाशन गरी सक्ने व्यवस्था मिलाइने छ।
- ठुला आयोजनाको निर्माण कार्यलाई गुणस्तरीय बनाउन नियमित अनुगमन मुल्यांकन गर्न तथा निर्माण कार्य सहजीकरण गर्न आयोजनाको निर्माण अवधिभरका लागि प्राविधिक कर्मचारीको व्यवस्था मिलाइने ।
- गाउँपालिकाबाट ७० प्रतिशत र स्थानीय उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा पूर्वाधार निर्माणका योजनाहरु संचालनमा जोड दिइने छ।
- १० लाख भन्दा बढी लागत भएका प्राविधिक रुपमा जटिल प्रकारका निर्माण कार्यलाई टेण्डर (खुला बोलपत्र) को माध्यमबाट अगाडि बढाइनेछ ।
- ऐतिहासिक पर्यटकीय स्थल मादी-१ को सिक्लेसमा बस पार्कको स्तरोन्नति गरिनेछ र गाउँपालिका भित्र रहेका बस पार्कहरुको स्तरोन्नति गरिनेछ ।

- गाउँपालिका केन्द्र जोड्ने सडकलाई पक्की बनाउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ । सबै वडा केन्द्रहरुमा सडक संजाल पुर्याइनेछ ।
- दिगो विकासलाई ध्यान दिँदै संचालनमा आएका सडकहरूको स्तरोन्नतिको लागि पक्की संरचनाहरु ढलान, पिच, सोलिङ, ग्राभेल, पक्की नाला, ह्युम पाइप र ग्याविनको व्यवस्था गरिनेछ ।
- मादी गाउँपालिकाको मुख्य केन्द्र प्रवेश गर्ने मुख्य सडक (काउखोला-भैंसे- याङ्जाकोट) अन्तर्गत पर्ने विजयपुर खोलाको पुल र भैंसेको पुलको विकल्प खोजी निर्माणको लागि पहल गरिनेछ ।
- मादी गाउँपालिका भित्रका सबै घरहरुमा इन्टरनेट सुविधा उपलब्ध गराउन ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय गरिनेछ ।
- यस गाउँपालिकामा मोबाइलको नेटवर्क नपुगेका ठाउँमा नेपाल टेलिकमसँग समन्वय गरी सञ्चार टावर निर्माणको लागि पहल गरिनेछ, साथै सूचना तथा संचार विस्तारको लागि पहल गरिनेछ ।
- गाउँपालिका भित्रका काठे पोलहरु विस्थापित गरी स्टिल पोलहरु राखिनेछ र नाङ्गो तारहरु विस्थापित गरी कालो तार राखिनेछ । विद्युतको पहुँच नपुगेका ठाउँमा पहुँच पुर्याइनेछ ।
- प्रदेश सरकार र विद्युत् प्राधिकरणको समन्वयमा विद्युत् आर्पूति सुधार सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका भित्रका निर्माणाधीन तथा संचालित हाईड्रोपावर कम्पनीहरुलाई आवश्यक नियमन गरी अनिवार्य स्थानीय स्रोत साधनको उपयोग गरे बापत करको दायरामा ल्याईनेछ ।
- नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र रहेको मठ, मन्दिर सार्वजनिक शौचालय लगायतका सार्वजनिक स्थलहरुमा सौर्य बत्ती जडान गरिनेछ ।
- **<u>एक वडा एक हेलिप्याड</u>** निर्माण गर्ने योजनालाई निरन्तरता दिइने छ ।

२४. **<u>वन, वातावरण तथा विपद् व्यवस्थापन :</u>**

- विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा नियमित रुपमा रकम जम्मा गर्ने व्यवस्था मिलाइने छ । साथै सो कोषमा अन्य क्षेत्रबाट समेत रकम जम्मा गराउन पहल गरिने छ ।
- पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई वन संरक्षण सम्बन्धी तालिमको व्यवस्था गरिने छ र चोरी शिकारी, वन डडेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाईनेछ ।
- वन डडेलो नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समितिसँगको समन्वयमा वन क्षेत्रमा अग्नी रेखा निर्माण गरिने छ ।

- नदीले क्षयीकरण गरेको स्थानहरुको स्थलगत निरीक्षण गरी तटवन्धन मार्फत नदी नियन्त्रण तथा  नदीको क्षयीकरणबाट हुने क्षतिलाई न्यूनीकरण गर्न पहल गरिने छ ।
- हरेक टोल बस्ती र विद्यालय तथा अन्य क्षेत्रबाट उत्पन्न हुने सबैखाले फोहोरमैलाको वर्गीकरणको लागि अभिमुखीकरण तालिम दिइने छ । साथै नकुहिने फोहोरको व्यवस्थापनको लागि पालिका स्तरमा डम्पिङ्ग साइड निर्माणको लागि पहल गरिने छ ।
- पानीका मुहान, कुवा आदिको संरक्षणको लागि तारवार लगाउने तथा समुदायसँगको सहकार्यमा वृक्षरोपण कार्य गरिने छ ।
- भू—क्षय नियन्त्रण, नदी कटान नियन्त्रणको लागि भू—संरक्षण सम्बन्धी कार्य योजना तयार पारी लागु गरिनेछ ।
- विपद् जोखिम उच्च भएको क्षेत्रको पहिचान गरी रेडक्रस सोसाईटी तथा अन्य वातावरणको क्षेत्रमा काम गर्ने संस्था मार्फत विपद् जोखिम नक्सांकन गरिने छ ।
- सामुदायिक प्रहरी एवं प्रहरीसँगको समन्वयमा विपद् राहात उद्दार टोली गठन गरी विपद् व्यवस्थापन राहत तथा उद्दारमा परिचालन गरिने छ ।
- विपद् जोखिम तथा महामारी नियन्त्रणको लागि समयानुकूल पालिकाको विपद् प्रतिकार्य योजना परिर्माजन गर्दैं लैजाने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको स्थानीय वन ऐन अनुसार वन क्षेत्रबाट हुने आम्दानीलाई गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गराउन पहल गरिने छ ।
- संघ प्रदेश सरकारसँगको सहकार्यमा वृहत मादी नदी संरक्षण परियोजना लागु गर्न पहल गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

२५. अन्त्यमा, मादी गाउँपालिका वासीको जन अपेक्षा अनुसार विकासका चाहना पूरा गर्न नागरिक र स्थानीय सरकार बिचको सम्बन्ध सुमधुर बनाउन अत्याधुनिक प्रविधिको प्रयोग गरी मादीलाई **समृद्ध मादी** बनाउने अभियानमा हामी सबै प्रतिवद्ध छौं । मादी गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका क्रममा रचनात्मक सुझाव दिई सहयोग पुऱ्याउनुहुने राजनीतिज्ञ, बौद्धिक वर्ग, समाजसेवी, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरु र गाउँपालिकाका कर्मचारीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकासका साझेदारहरु तथा गाउँपालिकाका कर्मचारी, आम स्थानीय नागरिक, राजनीतिज्ञ, बौद्धिक वर्ग, समाजसेवीहरु सबैमा हार्दिक अपिल गर्दछु ।

देविजङ्ग गुरुङ
अध्यक्ष
२०७९ असार ६ गते
सोमबार